मा. डा. नारायण खड्का
मन्त्री
सहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

०१-५५२३०३१ (निवास)
फ्याक्स : ०१-४२११८७३
Email: nkhadka_ktm@hotmail.com
Web: www.moud.gov.np

पत्रसंख्या :
च.नं. :

नेपाल सरकार
सहरी विकास मन्त्रालय
निजी सचिवालय



# शुभ -कामना

राष्ट्रिय आवास कम्पनी लिमिटेडले स्थापनाको २६ औं वर्षमाप्रवेश गरेको सुखद घडीमा शुभकामनाव्यक्तगर्न पाउँदामलाई खुसीलागेको छ ।

सर्वसाधारण जनतालाई आवश्यक पर्ने सेवा,सुपथमूल्यमा र सर्वसुलभ गराउने उदेश्यका साथ सार्वजनिक संस्थानहरु संञ्चालनमाआएकाहुन । नाफाभन्दा सेवामुखीभावनाका साथ स्थापनाभएका संस्थानहरुमा सरकारको आर्थिक लगानी( उच्च रहेको छ । यसै सर्न्दभमा,मुलुकमा बढदै गइरहेको अव्यवस्थित सहरीकरणलाई व्यवस्थितगर्ने र व्यवसायीक ढंगबाट आवासीय क्षेत्रहरु निर्माण गर्ने उद्देश्यका साथ स्थापित यस कम्पनीआफ्नो उद्देश्यप्राप्तिमा आगाडी बढिरहनुका साथै कम( पनीले मुलुकको आवश्यता र समस्यालाई दृष्टिगत गरी योजनाबद्ध र वैज्ञानिक रुपले पूर्वाधारयूक्तनयाँनयाँआवासिय क्षेत्रहरुको विकास र विस्तार गर्दै जाने विश्वास एंवआशालिएको छु ।

२६ औं वर्ष प्रवेशको अवसरमाविशेषाङ्कप्रकाशनगर्नु प्रशंसनियकार्य हो । यसप्रकाशनबाट राष्ट्रिय आवास कम्पनीको वारेमाजानकारी हासिलगर्न इच्छुक सबैका  लागीउपयोगीहुने विश्वास लिएको छु । यस प्रकारका रचनात्मकक्रियाकलापले भविष्यमापनिनिरन्तरताप्राप्तगरुनभन्ने कामनाका साथकम्पनीको २६ औं बार्षिकोत्सव  र प्रस्तुतप्रकाशनको पूर्ण सफलताको लागीशुभकामनाव्यक्तगर्दछु ।

डा.नारायण खड्का
माननियमन्त्री
शहरीविकास मन्त्रालय

नेपाल सरकार

# सहरी विकास मन्त्रालय

(.................................................. शाखा)

फोन नं.: ४२११६९३, ४२११८८३, ४२११६७३

फ्याक्स : ९७७-१-४२११८७३
: ९७७-१-४२००२४६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-



**शुभकामना**

राष्ट्रिय आवास कम्पनी लिमिटेड स्थापनाको २६ औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा शुभकामना व्यक्त गर्न पाउँदा म हर्षित छु । राष्ट्रिय आवासको एजेण्डा सहित थप उद्देश्यहरु परिपुर्ति गर्न यो कम्पनीलाई सफलता मिलोस भन्ने कामना गर्दछु ।

कम्पनीले विगत्मा प्राकृतिक प्रकोप तथा वाध्यात्मक बसाइ सराईका कारण भूमिमा आश्रित तर भूमिहिनलाई निर्देशित कृषि प्रणाली मार्फत सहयोग पुऱ्याएकोमा आज आएर राष्ट्रिय आवासको एजेण्डामा प्रवेश गरेको छ । नयाँ व्यवसायिक चुनौतिहरु सहित हालको अवस्थामा कम्पनीले आफ्नो व्यवसायिक योजना अनुसार आवास आपूर्ति, प्रविधि विकास र जग्गा व्यवस्थापनमा योगदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने देखिएको छ । सञ्चालनमा रहेका आयोजनाको व्यवसायिकरण र नयाँ आयोजनाहरुको व्यवस्थापनमा समेत सफलताको कामना गर्दछु ।

अर्जुन कुमार कार्की
सचिव

# राष्ट्रिय आवास कम्पनी लि.

(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)

केन्द्रीय कार्यालय

☎ ५५२६८२८
५५२१३१६
५५२१३१७
५५४४८६१
५५४४८७०

फ्याक्स : ९७७-१-५५२६३७५

श्रीमहल पुल्चोक
ललितपुर, नेपाल ।




## शुभ-कामना

साविकाको ग्रामीण आवास कम्पनी नै हालको यस राष्ट्रिय आवास कम्पनी लि.ले निश्चित उद्देश्य का साथ स्थापना भई आजको दिनबाट २५ वसन्तहरु पार गरी २६ औं वर्षमा प्रवेश गरेको हुदाँ वार्षिक महोत्सवको यस सुखद अवसरमा कम्पनीको उत्तरोत्तर प्रगतिको लागि तथा समृधीको लागी म शुभकामना व्यक्त गर्दछु ।

विगत वर्षहरुमा कम्पनीले कृषिमा आधारित साविक पुनर्वास कार्यक्रम संचालन गरेर दैवी प्रकोप पीडित, असहाय, भुमिहिन, सुकुम्बासी र प्रवासी नेपाली दाजुभाई दिदि बहिनीहरुलाई तराईको विभिन्न जिल्लाहरुमा बसोवास गराई दक्षिणी भेगको सीमा सुरक्षाको लागि तथा राष्ट्रियताको संरक्षणमा पुऱ्याएको योगदान सह्रनिय तथा अतुलनिय छ । नेपाल सरकारबाट प्राप्त गरेका र कम्पनी आफैले खरीद गरेका जग्गामा आवश्यक पुर्वाधार तयार गरी सुविधायुक्त घडेरी र प्लटहरुको लागि गुरुयोजना तयार गरि योजनाबद्ध बस्ती विकास गर्ने, गरिवीका रेखामुनी रहेका र आफ्नै घडेरी नभएका परिवारहरुलाई वित्तीयसाधन जुटाई व्यवस्थित बसोवासको व्यवस्था गर्ने, कुनै योजना संचालन गर्दा (खानी, जलविद्युत, सडक निर्माण, कारखाना स्थापना आदि) विस्थापित हुन जाने परिवारहरुलाई संचालन गर्ने निकायबाट आवश्यक रकम लिई पुनःर्स्थापनाको व्यवस्था मिलाउदै आएको काम निश्चय पनि उदारणीय तथा प्रशांसनीय रहेको कुरामा दुई मत छैन ।

शान्ति तथा पुन : निर्माण मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, फुलर सेन्टरको आर्थिक सहयोग एंव आस्था प्रविधि केन्द्रको प्राविधिक सल्लाहबाट कंचनपुर जिल्लाको परासन र त्रिभुवन बस्ती गा.वि.स.मा न्युनतम मुल्यमा जग्गा उपलब्ध गराई पिछडिएको थारु परिवारहरु समेत लाई व्यवस्थित तथा सुरक्षित गराउन कम लागतमा घर निर्माण गरी बाढी तथा द्वन्द पीडित एवं सुकुम्बासी परिवारहरुलाई व्यवस्थित वसोवासको व्यवस्था गरेको छ । आगामी दिनहरुमा यस्ता कार्यक्रमलाई निरन्तरता दिई देशका अन्य स्थानमा समेत लागु गर्दै लै जाने विश्वास लिएको छु । यस राष्ट्रिय आवास कम्पनी लि. को मुल उद्देश्य अनुसार शहरी क्षेत्रमा पनि आवासीय कार्यक्रम संचालन गर्ने संभव भए सम्म विभिन्न स्थानहरुमा कम लागतको घरहरु निर्माण गरी बिक्री गर्ने व्यापारीक प्रयोजनको लागि सपिङ्ग कम्पलेक्स र सटर कवलहरु समेत निर्माण गर्ने र विपन्न, दलित, आदिवासी ,जनजाती तथा गरिवीको रेखामुनि रहेको अन्य अव्यवस्थित वसोवास गर्दै आएका परिवारहरुलाई कम्पनीको नितिनियम अनुसार सर्व सुलभ ढगंले घडेरी उपलब्ध गराई व्यवस्थित तथा सुरक्षीत बसोवास गराउने कार्यको लागि कम्पनीले योजनावद्ध ढंगबाट सकृयताका साथ लागि रहेको र अगामी दिनहरुमा पनी उद्देश्य प्राप्तीका लागी सकृय रहने कुरामा प्रतिवद्धताका साथ विश्वास दिलाउन चाहन्छु । भविष्यमा यो कम्पनीले गने कामहरुको पुर्ण सफलताको लागी यस शुभ घडीमा हार्दिक शुभ मंगलमय कामना व्यक्त गर्दछु । अन्तमा यस कम्पनी लाई सहयोग गर्ने मंत्रालय र निकायहरु विभिन्न सहयोगी संघ,सस्थाहरु तथा महानुभावहरु लाई म हृदय देखी धन्यवाद दिन चाहन्छु । साथै शुभकामना मन्तव्य दिने माननीय मन्त्री डा.नारायण खडका,ऐ. का सचिव अर्जंन कुमार कार्की तथा यो पुस्तक तयार गर्ने सम्पादक मण्डली लगाएत अन्य साथीहरु लाई समेत धन्यवाद दिन चाहन्छु र आगामी दिनहरुमा गरिने कार्यहरुको पुर्ण सफलताको कामना गर्दछु ।

मोहन चौधरी
अध्यक्ष
सञ्चालक समिति
राष्ट्रिय आवास कम्पनी

# राष्ट्रिय आवास कम्पनी लि.
(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)
केन्द्रीय कार्यालय

☎ ५५२६८२८
५५२१३१६
५५२१३१७
५५४४८६९
५५४४८७०
फ्याक्स : ९७७-१-५५२६३७५

श्रीमहल पुल्चोक
ललितपुर, नेपाल ।




## संकल्प

राष्ट्रिय आवास कम्पनी लि. ०७१ साल फाल्गुण ९ गते देखि २५ औं वर्ष पुरा गरी २६ औं वर्षमा प्रवेश गरी वार्षिक महोत्सव मनाउन गईरहेको छ । नेपालको ग्रामीण क्षेत्रमा योजनाबद्ध आवासको विकास गर्ने आफ्नो कार्यभूमि छनौट गरेको यस कम्पनीले आवास जस्तो महत्वपूर्ण आधारभूत आवश्यकता परिपूर्तिको लागि कार्य सम्पन्न गर्न यस कम्पनीलाई सहयोग पुऱ्याउने नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालय, शहरी विकास मन्त्रालय, गृह मन्त्रालय, भूमि सुधार तथा व्यवस्था मन्त्रालय, अर्थ मन्त्रालय, वन मन्त्रालय, भूमि सुधार तथा व्यवस्थापन विभाग, नापी विभाग, गा.वि.स. वा न.पा. आदि लगायत सम्बन्धित कार्यालयहरुको साथै कम्पनीका संचालक समितिका अध्यक्ष, सदस्य, कर्मचारीहरु तथा तमाम शुभचिन्तक महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा पनि सबैबाट निरन्तर सहयोग र सद्भावको आशा गरेको छु ।

मानवको आधारभूत आवश्यकता मध्ये आवास एउटा महत्वपूर्ण अंग हो । पूर्व पश्चिम राजमार्ग, लोक मार्ग, मध्य पहाडी मार्ग र सिमाना जोडिएको क्षेत्रमा भएको सरकारी ऐलानी पर्तिजग्गा, रेकर्डमा वन देखिने तर वन नभएको बस्ति र बजारको रुप लिई सकेको क्षेत्रलाई व्यवस्थि तगर्नको लागि पनि जग्गाहरु खोजी संभाव्यता अध्ययन गर्न स्थलगत निरीक्षणको लागि कार्यटोली बनाई कार्यवाही अगाडि बढाउनु आवश्यक छ । विगतमा पुनर्वास कार्यक्रममा बाढी, पहिरो पीडित, भूमिहीन असहाय, सुकुम्बासी परिवारहरु र प्रवासी नेपालीहरुलाई पनि मिश्रित बसोवास गराई कृषिमा आधारित कार्यक्रम संचालन भएकोमा ग्रामीण आवासमा परिणत भएपछि योजनाबद्ध बस्ति विकास गरी द्वन्द्व र बाढी पीडित, विस्थापितएवं आश्रय विहिन परिवारहरुलाई व्यवस्थित आवासको लागि पूर्वाधारयुक्त घडेरी वितरण गरिएको थियो । सिमाक्षेत्रमा सुरक्षित बसोवासको व्यवस्था गरी आफ्नो राष्ट्रको सिमाना जोगाउन यो कम्पनीले सिमा सुरक्षाको लागि अहम भुमिका खेलेको छ । मुक्त कमैया, हलिया, सुकुम्बासीहरु, विद्युत्त गृह र विमानस्थल निर्माण गर्दा विस्थापित हुन जाने परिवारहरुलाई नेपाल सरकारले बसोवास गराउन जिम्मामा दिएमा यो संस्थाले सहज ढंगले जिम्मेवारी निर्वाह गर्ने छ । हाल राष्ट्रिय आवास कम्पनी लि. मा नाम परिवर्तन भएको यो कम्पनीले आफ्नो उद्देश्य अनुसार शहरी क्षेत्रमा पनि आवासिय कार्यक्रम संचालन गर्ने, सरकार र दात्री संस्था संग सम्पर्क र समन्वय गरी आवश्यक विकास पुर्वाधारहरुको व्यवस्था मिलाउने साथै वाहालवाला र सेवा निर्वृत्त कर्मचारीहरुलाई आवास सुविधा उपलब्ध गराउने र उपत्यका लगायत अन्य शहरहरुमा घर भाडा सम्बन्धि समस्या समाधान गर्न कम लागतका घरहरु निर्माण गरी भाडामा दिने विक्री गर्ने साथै व्यवसायको लागि सटर कवल सपिङ्ग कम्पलेक्स निर्माण गर्ने जस्ता कार्यहरु समेत गर्दै जाने छ । कम्पनीको १० औं साधारण सभावाट कम्पनीको २० वर्षे व्यवसायिक कार्ययोजना स्वीकृत भई यसै अनुसार ५ वर्षिय १० वर्षिय र २० वर्षिय कार्ययोजना अनुसारको कार्यक्रमहरु कम्पनीले आगामी दिनहरुमा क्रमशः गर्दै जानेछ । विगत ६ वर्ष देखि नाफामा रहदैं आएको यो संस्थालाई नेपाल सरकार, मन्त्रालय, विभाग र कार्यालयहरुबाट सक्दो सहयोग भैरहेकोमा आगामी दिनमा पनि अझ संस्थालाई साधन श्रोत दिई अधिकार सम्पन्न बनाउन ग्रामीण क्षेत्रको साथै शहरी क्षेत्रमा समेत सशक्त ढंगले कार्यक्रम अगाडि बढाउन नेपाल सरकार र सम्बद्ध निकायले सहयोग र संरक्षण गर्ने छ भन्ने विश्वास लिएको छु । धन्यवाद ।

देवेन्द्र कुमार यादव
महा-प्रबन्धक
राष्ट्रिय आवास कम्पनी

## सम्पादक मण्डल



अनिल बुढाथोकी
आ.ले.प प्रमुख



सुवोध साह
ईन्जीनियर



हरि कृष्ण घिमिरे
योजना शाखा



अश्विनी कुमार खड्का
लेखापाल



राम नारायण सिहं
सहायक



रञ्जना शिवाकोटी
सहायक

# सम्पादकीय

राष्ट्रिय आवास कम्पनी लि. २५ औ वर्ष पूरा गरी मिति २०७१।११।९ गते २६ औं वर्ष प्रवेश गरेको पावन अवसरमा प्रकाशन गरिएको यस कम्पनीको ऐतिहासिक पृष्ठभूमिदेखि हाल सम्म भए गरेका कामहरुको यर्थाथ विवरण, कम्पनीको कार्य सम्बन्धी नीतिगत प्रक्रियाबारे "राष्ट्रिय आवास कम्पनी लि." २६औं वर्ष पुरा गरेको उपलक्ष्यमा चिनारी विशेषाङ्ग पाठक वर्ग समक्ष प्रस्तुत गरिएको छ । विगतमा पुनर्वास कार्यक्रम संचालन गर्दा कम्पनीले निःशुल्क रुपमा सरकारको नीति नियम अनुसार जग्गा वितरण गर्दै आएकोमा ग्रमीण आवास कम्पनी लि. मा परिणत भएपछि बाँकी जग्गामा आवासीय प्लान बनाइ घडेरी बिक्री वितरण गर्नको साथै नेपाल सरकारबाट २०४९ सालमा प्राप्त ६ स्थानको जग्गा मध्ये ५ स्थानमा र कम्पनीको श्रोतबाट खरिद गरेको ३ स्थानमा आवास तथा बजार क्षेत्र संचालन गरि सम्पन्न गरेको र यी क्षेत्रमा आवश्यक पूर्वाधारहरु निर्माण गरिएको छ । सरकारी एवम् गैर सरकारी निकायको सहयोगबाट कम लागतका घरहरु निर्माण गरी द्वन्द, बाढी-पीडित तथा आश्रयवीहिन परिवारहरुको लागि सुरक्षित एवं व्यवस्थित बसोवासको व्यवस्था गरेको छ । कम्पनीबाट भारतीय सिमानासँग जोडिएको भू-भाग मा वसोवास गराउदाँ सिमाना जोगाउन मद्दत पुगेको छ भने अर्कोतिर घरबार वीहिन परिवारहरुले घरबास पाएकाछन् । कम्पनीबाट भारतीय सिमानासंग जोडिएको भू-भागमा पर्ने जग्गामा बसोवासको व्यवस्था मिलाई एकातिर मुलुकको भू-भाग जोगाउन मद्दत पुगेको छ भने अर्कोतिर घरबार वीहिन परिवारहरुले घरवास पाएका छन् । कम्पनीबाट आय आर्जनमा वृद्धि गर्नको लागि व्यावसायिक रुपमा बर्दिया तारातालमा सटरकवल निर्माण गरि वहालमा लगाई सकिएको छ । आगामी आ.ब. मा राष्ट्रिय आवास कम्पनी लि.को उद्देश्य अनुसार सम्भव भए सम्म शहरी क्षेत्रमा पनि आवासीय योजना संचालन गर्ने, घरभाडाको समस्या समाधान गर्न, घरहरु निर्माण गरी व्यवस्थित गर्न, योजना संचालन भै विभिन्न स्थानमा कम लागतको घर निर्माण गर्ने र राष्ट्र सेवक कर्मचारीहरु र सेवा निवृत कर्मचारीहरुको लागि आवास सुविधा उपलब्ध गराउने साथै व्यवसायको लागि सपिङ्ग कम्पलेक्स र सटरकवल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिने लक्ष्य राखिएको छ । नेपाल सरकार तत्कालिन भौत्तिक योजना तथा निर्माण मन्त्रालय, शहरी विकास मन्त्रालय, शान्ति तथा पुनःनिर्माण मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग र विभिन्न गैर सरकारी निकायहरुबाट यस कम्पनीलाई प्राप्त भएको सहयोगको लागि हार्दिक कृतज्ञता व्यक्त गरिन्छ । कम्पनीको भावी कार्यक्रमलाई अझ बढी उपयोगी एवं राम्रो बनाउन Business Plan तयार गर्ने कार्य भई सकेको छ । कम्पनीको १०औं साधारण सभावाट २० वर्षे व्यवसायिक कार्य योजना पारित भै लागु भै सकेकाले सोही बमोजिम वार्षिक कार्यक्रम तयार गरि क्रमश लागु गरिदै लागिने छ । कम्पनीको श्रोतले अधिकतम सके जति राष्ट्रिय आवास नीति एंव कम्पनीको उद्देश्य अनुरुप समाजिक कार्यहरु गरिदै लगिने छ । कम्पनीको उद्देश्यलाई सफल पार्न नेपाल सरकार दातृ संस्था एवम् सम्बन्धित सबै निकायहरुको सहयोगको अपेक्षा राखिएको छ । यो विशेषाङ्गक तयार गर्न सहयोग गर्नु हुने सवै लाई धन्यवाद दिदै अन्त्यमा,यस विशेषाङ्गक प्रकाशन गरिएका विवरणहरु सरकारी निकाय, राजनीतिज्ञ, व्यवसायी, वकिल, पत्रकार, अनुसन्धानकर्ता तथा विद्यार्थी वर्गहरुलाई सहयोगी हुनेछ भन्ने सम्पादक मण्डलले आशा राखेको छ ।